# सोरु गाउँपालिका

## स्थानिय राजपत्र

खण्ड : संख्याः मितिः

### " सोरु गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८१"

प्रस्तावना : नेपालको संविधान , अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ तथा संयुत्त राष्ट्र संघले पारित गरि नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि महासन्धि - २००६ Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य , मर्म र भावना बमोजिम सोरु गाउँपालिकाका क्षेत्र भित्र बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागी परिचय - पत्र वितरण कार्यविधि वनाउन वाञ्छनीय भएकाले, सोरु गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन , २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि यो अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०८१ वनाइ जारी गरेको छ ।

परिच्छेद १

<u>प्रारम्भिक</u>

१. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम " सोरु गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८१" रहेको छ ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थनलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि ऐन , २०७४ (पहिलो संशोधन २०७५ समेत) सम्झनुर्पदछ ।

(ख) " नियमावलि " भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन २०७४ अनुसार जारी नियमावली सम्झनपुर्दछ ।

(ग) " स्थानिय कानुन " भन्नाले सोरुगाउँपालिका गाउँ सभा । गाउँ कार्यपालिका वाट जारी भएका कानुन सम्झनपुर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले सोरुगाउँपालिका सम्झनपुर्दछ ।

(ङ) " गाउँ कार्यपालिका " भन्नाले सोरु गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "अध्यक्ष" भन्नाले सोरु गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले सोरु गाउँपालिकाको उपाध्यक्ष सम्झनपुर्दछ ।

(ज) "प्रमखु प्रशासकीय अधिकृत" सोरु गाउँपालिकाको प्रमखु प्रशासकीय अधिकृत सम्झनपुर्दछ ।

(झ) " वडा कार्यालय " भन्नाले सोरु गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्झनुपर्दछ ।

(ञ) " समन्वय समिति " भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ (पहिलो संशोधन २०७५) को दफा ४२ बमोजिमको सोरु गाउँपालिका अन्तर्गतको स्थानीय समन्वय समिति सम्झनुपर्दछ।

## परिच्छेद-२

## उद्देश्य, मापदण्ड

३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) सोरु गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने बिभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गरि उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न , त्यस्ता सेवा सुविधाहरुको लागी योजना निर्माण गर्न वडा तह देखि नै विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकृत लगत राख्न सहज तुल्याउने ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि २००६ (CRPD) मा नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरु उपलब्ध गराउन तथा शसक्तिकरणका कार्यक्रम संचालन गर्न सहज बनाउने ।

(ग) अपाङ्गताको प्रकृति , वर्गिकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकिकरण गर्न सहयोग गर्ने ।

**४. परिचय-पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन्:**

अनसुची १ मा उल्लेखित प्रकृतिका आधारमा गरिएका अपाङ्गताका १० (दश) प्रकार र गम्भिर्यताका आधारमा देहायका चार समुहमा बर्गिकरण गरि परिचय-पत्र वितरण गरिनेछ :

(क) **पूर्ण अशक्त अपाङ्गताः** देहायको अवस्थाका व्यक्तिहरुलाइ " क " वर्गको रातो रंगको पृष्ठभूमिमा पूर्ण अशक्त अपाङगताको परिचय पत्र जारी गरिनेछ ।

१ व्यक्तिको शारिरिक , मानसिक वा इन्द्रिय सम्वन्धि प्राणलिहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्यै गम्भिर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्तिहरु ,

२ सामन्य भन्दा समान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने , तिव्र वौद्धिक अपाङगता भएका व्यक्तिहरु , तिव्ररुपमा अटिज्म प्रभावित व्यक्ति , पूर्ण रुपमा श्रवणदृष्टि विहिन व्यक्तिहरु ,

३ दुई वा सोभन्दा वढी प्रकृतिका शारिरिक ,मानसिक वा इन्द्रिय सम्वन्धि क्षति भई सवैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नु पर्ने अवस्थाका व्यक्तिहरु ,

४ निरन्तर रुपमा सघन हेरचाह - ( स्याहार सुसार ) को आवश्यकता परिरहने शारिरिक अपाङगता भएका व्यक्ति वा मनोसामाजिक अपाङगता भएका व्यक्तिहरु । यो रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरि जारी गरिनेछ ।

(ख) **अति अशक्त अपाङगताः** देहायका अवस्थाका व्यक्तिहरुलाई " ख " वर्गको निलो रंगको पृष्ठभूमिमा अति अशक्त अपाङगताको परिचय पत्र जारी गरिनेछ ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

१ शारिरिक, मानसिक वा इन्द्रिय सम्बन्धि क्षति वा विचलन भएता पनि निरन्तर वा अधिकांस समय सहयोगी , दोभासे वा मानव पथप्रदशक आदीको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगाएत हिड्डुल र संचार गर्न कठिनाई हुने व्यक्तिहरु ,

२ मस्तिष्क पक्षघात , मेरुदण्डमा चोटपटक वा पक्षघात , हेमोफिलिया , मांशपेशि सम्वन्धि समस्या वा विचलन लगाएत अन्य विभिन्न कारणले शरिरको ढाड , हात ,गोडा कम्मर आदिले काम गर्न नसकि दैनिक आवागमनको लागी हविलचियर प्रयोग गर्नु पर्ने अवस्थाका व्यक्तिहरु ,

३ दुवै हात कुम देखि वा पाखुरा देखि मुनि पुरै नचल्ने वा गुमाएका , विभन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने , कम्मर भन्दा मुनिको भाग घुमाएका वा नचल्ने र दुवै गोडा पूर्ण क्रियासिल नभई वैशाखिको प्रयोग गर्ने व्यक्तिहरु,

४ दृष्टिविहिन र पूर्ण दृष्टिविहिन परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरु ,

५ सञ्चार लागी निरन्तर दोभासे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने वहिरा , दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने , सिकाईमा समस्या भएका बौद्विक अपाङगता वा अटिज्म भएका व्यक्तिहरु , निरन्तर अरुको सहयोग लिईरहनुपर्ने वहुअपाङगता भएका व्यक्तिहरु । यो निलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरि जारी गरिनेछ ।

(ग) मध्यम अपाङ्गताः देहायका अवस्थाका व्यक्तिहरुलाई " ग " वर्गको पँहेलो रंगको पृष्ठभूमिमा मध्यम अपाङगताको परिचय पत्र जारी गरिनेछ ।

१ कृत्रिम अङग , क्यालीपर , विशेष प्रकारका जुत्ता जस्ता सहायक सामाग्रीको प्रयोगवाट सामान्य हिंडडुल लगाएतका दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने ,

२ विभिन्न कारणले घुंडामुनिको अङगमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीको प्रयोग नगरी पनि सामान्य हिंडडुल गर्न सक्ने ,

३ कुम वा पाखुरा भन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने ,

४ दुवै हातको हत्केला भन्दा मुनिका कम्तिमा वुढी औंला र चोरी औंला गुमाएका ,

५ दुवै गोडाको कुर्कुच्चा भन्दा मुनिको भाग नभएका तर सामान्य हिंडडुल गर्न सक्ने ,

६ मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको ,

७ सिकाईमा ढिलाई भएका दैनिक क्रियाकलापमा स्वयं गर्न सक्ने बौद्विक अपाङगता र अटिज्म भएका व्यक्तिहरु

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

८ श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरु ,

९ शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलिबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु ,

१० ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु ,

११ बोल्दा अड्किने , शव्द वा अक्षर दोहोर्याउने समस्या तिव्र भएका भकभके व्यक्तिहरु ,

१२ तिन फिट भन्दा मुनिका होचापुडका व्यत्तिहरु ,

१३ चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु , लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढन सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु ,

१४ अनुवंशिय रक्तश्राव हेमोफेलिया सम्वन्धि समस्या भई दैनिक हिँडडुलमा कठिनाई हुने व्यक्तिहरु ,

१५ मानसिक वा मनोसामाजिक अपाङगता भएका व्यक्तिहरु । यो पँहेलो रंगमा निलो अक्षरले स्पष्ट पहिचान हुने गरि जारी गरिनेछ ।

घ सामान्य अपाङगता: देहायका अवस्थका व्यक्तिहरुलाई " घ " वर्गको सेतो रंगको पृष्ठभूमिमा सामान्य अपाङगताको परिचय पत्र जारी गरिनेछ ।

१. शारिरिक , मानसिक वा इन्द्रियसम्वन्धि सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयं सम्पादन गर्न सक्ने ,

२. हात वा खुट्टा केहि छोटो भएका , एक हातको हत्केला भन्दा मुनि नचल्ने वा गुमाएका , एक हातको हत्केलाभन्दा मुनिका कम्तिमा वुढी औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केलामुनिका कम्तिमा वुढीऔंल र चोरि औंला भएका व्यक्तिहरु ,

३. ठूलो अक्षर पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु ,

४. दुवै गोडाको सवै औलका भागहरु नभएका व्यक्तिहरु ,

५. श्रवणयन्त्र लागाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु । यो सेतो रंगमा निलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

## परिच्छेद -३

## परिचय पत्र ढाँचा र समन्वय समिति

५. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्रको ढाँचा देहाय बमोजिम हनेछ ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

अपाङगता भएका व्यक्तिले परिचय प्राप्त गर्न अनसुची २ बमोजिम वडा कार्यलयमा निवेदन दिनु पर्ने छ । अपाङगता भएका व्यक्तिले प्राप्त गर्ने अपाङगता परिचय पत्रको ढाँचा देहाय बमोजिम हुनेछः

१ परिचय पत्र बहाक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने गरि नागरिकताको प्रमाण पत्रको ढाँचामा यस अनुसूचि ३ बमोजिम एकापट्टि नेपाली भाषामा अर्कोपट्टि अंग्रेजि भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पष्ठको परिचय-पत्र गाम्भिर्यता आधारमा गरिएका चार वर्गका अपाङ्गता भएका व्यक्तिलाई चार फरक फरक रंगमा उपलब्ध गराइनेछ ।

६. समन्वय समिति सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :-

(१) अपाङगता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन , २०७४ को दफा ४२ अनुसार अपाङगता परिचय पत्र बितरण समेतका कार्यका लागी समन्वय अनुगमन तथा राय परामर्शका लागी सोरु गाउँपालिकामा देहाय बमोजिमको समन्वय समिति रहनेछः

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाँउपालिकाले तोकेको १ जना महिला सदस्य – सदस्य

(ग) गाउँपालिका भित्रका माध्यमिक विघालयका प्रधानाध्यापक मध्ये वाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति एक जना -सदस्य

(घ) गाउँपालिकाको अध्यक्षले तोकेको स्थानिय स्वास्थय चौकि वा अस्पतालको चिकित्सक एक जना - सदस्य

(ङ.) स्थानिय प्रहरि कार्यालयको प्रमखु - सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्था मध्येवाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिधनिधि एक जना – सदस्य

(छ) गाउँपालिका भित्रका अपाङगता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनित गरेको एक जना महिला सदस्य सहित तिन जना - सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानिय स्तरमा रहेका सम्वन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमखु - सदस्य

(झ) गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारी - सदस्य सचिव

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

(२) गाउँपालिकाभित्र आफ्नो चिकित्सक व्यवस्था नभएसम्मको लागी गाउँपालिकाले अन्य स्थानिय तह वा सरकारी अस्पतालका चिकित्सकबाट सो कार्य गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**७ समन्वय समितिको काम कर्तव्य र अधिकारः** दफा ६ वमोजिम समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

१ अपाङगता भएका व्यक्तिको हक हित तथा संरक्षणको विषयमा सोरु गाउँपालिका क्षेत्र भित्र काम गर्ने विभिन्न निकाय संघ वा संस्था सँग समन्वय गरि विभिन्न कार्यक्रमहरु सँचालन गर्ने तथा त्यस्तो कार्य सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने,

२ अपाङगता वर्गिकरण स्पष्ट नभएका र अपाङगता भए नभएको सम्वन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँच वुझ गरि परिचय पत्र उपलव्ध गराउन सिफारिस गर्ने,

३ सोरु गाउँपालिका क्षेत्र भित्र अस्पताल विद्यालय लगाएत अन्य सरकारी तथ सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङगता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङतामैत्रि संरचना विकास वा निर्माण गर्ने गराउने,

४ सोरु गाउँपालिका क्षेत्र भित्र अपाङगता भएका व्यक्तिको अभिलेख संकलन तथा अद्यावधिक गर्ने गराउने,

५ अपाङगता भएका व्यक्तिको सम्वन्धमा गाउँपालिका क्षेत्र भित्र सँचालित कार्यक्रमको अनुगमन तथा मुल्यङकन गर्ने गराउने,

६ समन्वय समितिले अपाङगता परिचय पत्र वितरणका सम्वन्धमा ऐनको दफा ४३ को "च" वमोजिम परिचय पत्र सम्वन्धि कानुनि संरचनागत तथा अन्य सुधार गर्नु पर्ने विषयमा आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला वालवालिका तथा जेष्ट नागरिक मन्त्रालय लगाएत सम्वन्धित निकायमा लेखि पठाउनु पर्ने छ ।

७ तोकिय वमोजिम अन्य कार्य गर्ने ।

**८ समन्वय समितिको वैठक सम्वन्धि कार्यविधिः**

१ समन्वय समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

२ समन्वय समितिको वैठक सो समितिका संयोजकले तोकेको मिति समय र स्थानमा वस्नेछ ।

३ समन्वय समितिको वैठक वस्ने सुचना सो समितको सदस्य सचिवले वैठक वस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै सदस्यलाइ दिनु पर्ने छ ।

४ समन्वय समितिको कुल सदस्य संख्यको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा वैठकका लागी गणपुरक संख्या पुगेको मानिने छ ।

गा.पा.अध्यक्ष

CamScanner

५ समन्वय समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफू मध्यबाट छानेको सदस्यले गर्नेछ ।

६ समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठक अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

७ समन्वय समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाइ सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

८ समन्वय समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

९ समन्वय समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**९ वडा स्तरिय अपाङगता परिचय पत्र सिफारिस समितिः** गाउँपालिका अन्तर्गतका वडा क्षेत्र भित्रका अपाङगता भएका व्यक्तिहरुलाइ अपाङगता परिचय पत्र लिन वडा समितिले सिफारि गर्नु पर्नेछ । त्यस्तो सिफारि पत्र प्राप्त गर्न अनुसुचि ४ वमोजिमका कागजजातहरु संलग्न गरि अनुसूचि २ वमोजिमको निवेदन पेश गर्नु पर्ने छ ।

**१०. शाखाले अपाङगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण गर्नेः** वडा समितिको सिफारि,विषय सम्वद्ध चिकित्सकको सिफारिस र आवश्यक अन्य कागज जातहरुको अध्ययन गरि शाखाले अपाङगता भएका व्यक्तिहरुको परिचय पत्र देहाय वमोजिम वितरण गर्नु पर्नेछ ।

(क) अपाङगता परिचय पत्रका लागी माग भइ आएका निवेदन उपर जाँच वुझ गरि अपाङगता परिचय पत्र लिन योग्य व्यक्ति छनौट गरि परिचय पत्र उपलव्ध गराउनेछ ।

(ख) अपाङगताको गम्भिर्यताका आधारमा अपाङगताको किसिम वर्गिकरण गर्ने ।

(ग) वर्गिकरण अनुसारको अपाङगता परिचय पत्र वितरण गर्ने ।

(घ) अपाङगता परिचय पत्र वितरणमा समस्या वा द्विविधा पर्न आएमा आवश्यक कार्वाहीका लागी सक्कलै निवेदन र कागजातहरु समन्वय समितिमा पठाउने ।

(ङ) समन्वय समितिको राय परामर्श तथा निर्देशन पालना गर्ने ।

(च) अपाङगता परिचय पत्र वितरणको मासिक, चौमासिक,अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गर्ने, अध्यावधि राख्ने र पेश गर्ने ।

(छ) तोकिय वमोजिमको अन्य कार्य गर्ने ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

## परिच्छेद - ४

## परिचय पत्र वितरण

**११. परिचय-पत्र वितिण प्रक्रिया देहाय बमोजिम हुनेछ :**

(क) गाउँपालिका क्षेत्र भित्र स्थायि रुपमा वसोवास गर्ने अपाङगता भएका व्यक्तिले वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं , निजका अभिभावक वा संरक्षकले अनसुची ३ बमोजिमको ढाँचाको परिचय - पत्र प्राप्तिका लागी अनुसूचि ४ मा उल्लेखित सवै पुष्टयाई गर्ने कागजातहरु २ प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

(ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपाङ्गता खलुको लिखित प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरि खिचिएको) फोटो, अशक्ताको गाम्भीर्यताको अवस्था र शरिरका अगंले गर्ने काममा आएको समस्या दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनुपर्नेछ ।

(ग) रित पुगि आएको निवेदन वडा कार्यलयले प्राप्त भएको मितिले वढिमा ३ दिन भित्र सिफारिस गरि शाखामा पठाउनु पर्नेछ ।

(घ) सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन साथ पेश गरेका कागज जात वा प्रमाण नपुगि परिचय पत्र सिफारिस गर्न असर्मथ भएमा वा उपयुक्त नदेखिएमा सो व्यवहोरा निवेदकलाइ ३ दिन भित्रमा वडा कार्यालयले जनाकारी दिनु पर्नेछ ।

(ङ.) वडा कार्यालयले परिचय पत्र सिफारिस गर्न नसकिने भनि दिएको जानकारी निवेदकलाइ चित्त नवुझे सूचना पाएको मितिले १५ दिनमा समन्वय समिति समक्ष निवेदन दिन सक्नेछ ।

(च) प्राप्त निवेदनका साथ निजले पेश गरेका कागज र अन्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउन योग्य देखिएमा समन्वय समितिले शाखालाइ आवश्यक निर्देशन दिनु पर्नेछ ।

(छ) परिचय पत्रका लागी सिफारिस गर्न कुनै कठिनाइ परेमा वडा कार्यालय र समन्वय समितिले चिकित्सक र वशेषज्ञ वा अपाङगता भएका व्यक्तिका संघ संस्थाका प्रतिनिधि सँग राय परार्मश लिन सक्नेछ ।

(ज) सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयमले आफ्नो परिचय पत्र बुझिलिनु पर्ने छ । पूर्ण अशक्त वा अति अशक्त अपाङगता भएको कारणले परिचय पत्र वुझी लिन आउन नसक्ने भएमा शाखावाट परिवारको सदस्य वा संरक्षक वा अख्तियार प्राप्त व्यक्तिले निजलाइ बुझाउने गरि बुझि लिन सक्नेछन ।

(झ) परिचय-पत्र मा हस्ताक्षर गर्न गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले प्रचलित कानुनको अधिनमा रहि शाखामा तोकिएको अधिकृत कर्मचारीलाइ अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ञ) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारिरिक, मानसिक वा इन्द्रिय सम्बन्धि क्षतिको हकमा परिचय पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरि तत्काल उपयुक्त परिचय पत्र उपलब्ध गराउनु पर्नेछ ।

............................
बर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

(ट) प्रत्यक्ष रुपमा नदेखिने वा अलोकन गर्न नसकिने शारिरिक मानसिक वा इन्द्रिय सम्वन्धि क्षति भएका वा स्पष्ट रुपमा छुटयाउन समस्या भएका अपाङगता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरि समितिको निर्णायका आधारमा परिचय पत्र वितरण गर्नु पर्नेछ ।

**१२. अन्य स्थानिय तहमा स्थायि ठेगाना भएका व्यक्तिको हकमाः**

गाउँपालिका क्षेत्र भित्र स्थायि ठेगाना नभएका तर गाउँपालिका क्षेत्र भित्र वसोवास गरेका विभिन्न अवरोध तथा शारिरिक वा मानसिक अवस्थाको गम्भिर्यताको कारण आफ्नो स्थायि वसोवास भएको स्थानमा गइ अपाङगता परिचय पत्र प्राप्त गर्न असर्मथ व्यक्तीहरुका लागी निजको स्थायि वसोवास भएको स्थानको सम्वन्धित स्थानिय तहवाट परिचय पत्र नलिएको विवरण सिफारिस पत्रमा भएमा दफा १० को प्रक्रिया पुरा गरि अपाङगता परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**१३. प्रतिलिपि सम्बन्धि व्यवस्थाः** शाखा वाट अपाङगता परिचय पत्र लिएकोमा हराइ, नासिय वा विग्रिइ प्रतिलिपि वनाउनु परेमा देहायको प्रक्रिया पुरा गर्नु पर्नेछः

(क) शाखा वाट अपाङगता परिचय पत्र लिएकोमा परिचय पत्र हराइ नासिय वा विग्रिइ प्रतिलिपि वनाउनु पर्ने भएमा वडा कार्यालयमा यर्थात विवरण खुलाइ निवेदन दिनु पेर्नेछ ।

(ख) वडा कार्यालयको सिफारिसमा शाखाले निवेदकको माग मनासिव देखिएमा अपाङगता परिचय पत्रको प्रतिलिपि उपलव्ध गराउन सक्नेछ ।

**१४. अभिलेख सम्बन्धि व्यवस्थाः** शाखावाट वितरण गरिएका अपाङगता परिचय पत्रको अभिलेख अनसूचि ५ को ढाँचामा देहाय वमोजिम राख्नुपर्ने छ।

(क) शाखाले सोरु गाउँपालिका क्षेत्र भित्रका अपाङगता भएका व्यक्तिहरु र अपाङगता भएका व्यक्तिहरु मध्ये परिचय पत्र वितरण गरिएका व्यक्तिहरुको अपाङगताको प्रकृति तथा गम्भिर्यता लगाएत अन्य आवश्यक विवरण खुल्ने गरि नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(ख) शाखाले अपाङगता भएका व्यक्तिहरुको विवरण अद्यावधिक गरि चौमासिक प्रतिवेदन प्रदेशको समाजिक विकास मन्त्रालय महिला वालवालिका तथा जेष्ट नागरिक मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाउनु पर्नेछ ।

## परिच्छेद ५

## विविध

**१५ घुम्ति शिविर तथा घरदैलो सेवा सम्बन्धि व्यवस्थाः** (१) सोरु गाउँपालिकाले आवश्यक ठानेमा सोरु गाउँपालिका क्षेत्र भित्रका अपाङगता भएका व्यक्तिहरुका लागी अपाङगता परिचय पत्र लगाएतका सेवा सरल तरिकाले उपलव्ध गराउन कम्तिमा वर्षको एक पटक परिचय पत्र वितरण सम्बन्धि घुम्ति शिविर वा घर दैलो सेवा संचालन गर्न सक्नेछ ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

(२) यो कार्यविधि लागु हुनु अघि प्राप्त गरेका अपाङगता परिचय पत्र शाखामा वुझाइ यो कार्यविधि जारी भएको मितिले एक वर्ष भित्रमा यस कार्यविधि बमोजिमको परिचय पत्र लिनु पर्नेछ ।यस अघि जारी भएका परिचय पत्र एक वर्ष पछि स्वत अमान्य हुनेछ ।

(३) यस कार्यविधिमा भएको प्रावधान अपाङगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन २०७४ र अन्य प्रचलित कानुन सँग वाझिएमा वाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

(४) अपाङगता परिचय पत्र विवरण सम्वन्धिमा यस कार्यविधिमा उल्लेखित नभएका विषय अपाङगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन २०७४ अन्य प्रचलित कानुन सोरु गाउँपालिकाको निर्णय तथा स्थानिय कानुन बमोजिम हनेछ ।

(५) प्रतिलिपिका लागी प्राप्त भएको निवेदनका विषयमा सो परिचय पत्र वाहक व्यक्तिले पहिलो प्राप्त गरेको परिचय पत्र हेरफेर गर्नुपर्ने देखिएमा परिचय पत्र वितरण वडा समितिमा पेश गरि सो समिति वाट प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

(६) नेपाल सरकार द्वारा जारी भएको अपाङगता परिचय पत्र वितरण निर्देशिका २०६५ बमोजिम भए गरेका काम कार्वाही यसै कार्यविधि बमोजिम भइ गरेको मानिनेछ ।

## अनुसूचि १

## अपाङगताको वर्गीकरण

**१ अपाङ्गताको परिभाषाः** शरिरका अगंहरु र शारिरिक प्राणलिमा भएको समस्याका कारण भौतिक समाजिक ,साँस्कृतिक वातावरणका साथै संञचार समेतवाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञचालन गर्न एवम सामाजिक जिवनमा पूर्ण सहभागि हुन कठिनाई हुने अवस्थालाई अपागंता भनि वुझ्नुपर्नेछ ।

**२. अपाङगताको वर्गिकरणः** शारिरिका अंगहरु र शारिरिक प्राणलिमा भएको समस्या एवं कठिनाईका प्रकृति अनुसार अपाङगतालाई निम्न वमोजिम सात प्रकारमा वर्गिकरण गर्न सकिन्छ ।

**२.१ शारिरिक अपाङगताः** स्नायु मांशपेशि र जोर्निहरु तथा हड्डिको वनावट एवं सञचालन कार्यहरुमा भएको समस्याका कारणवाट व्यक्तिमा शारिरिक अंगहरुको सञचालन प्रयोग र हिंडडुलमा भएको समस्या शारिरिक अपाङगता हो । जस्तै वाल पक्षघात - पोलियो , मस्तिपक पक्षघात (Cerebral Palsy ) मांशपेशि विचलन (Muscular Dystrophy ) जोर्नि र मेरुदण्डसम्वन्धि स्थायि समस्या , पैतला फर्केको , रिकेटस हड्डिसम्वन्धि समस्याका कारण उत्पन्न अशक्तता ईत्यादि शारिरिक अपाङगता हो । होचापुड्काहरु WHO को परिभाषा अनुसार पनि यस वर्गिकरणमा पर्छन ।

**२.२ दृष्टिसम्वन्धी अपाङ्गताः** दृष्टिसम्वन्धि समस्याका कारण व्यक्तिमा कुनै पनि बस्तुको आकृति, आकार रुप र रंगको ज्ञान नहुने स्थिति दृष्टि सम्वन्धि अपाङगता हो । यो निम्न दुई प्रकारको हुन्छ ।

गा.पा.अध्यक्ष

क दृष्टिविहिनता: कुनै व्यक्ति औषधि शल्यचिकित्सा तथा चस्मा प्रयोग जस्ता उपचारवाट पनि दुवै आँखाले हातको औला १० फिटको दुरिवाट छुटयाउन सक्दैन अर्थात स्नेलेन (snellen ) चार्टको पहिलो लाईनको अक्षर ३।६० पढ्न सक्दैन भने यस्तो व्यक्तिलाई दृष्टिविहिन मानिनेछ ।

ख. न्युन दृष्टियुक्त (Low vision ) कुनै व्यक्ति औषधि शल्यचिकित्सा तथा चस्मा प्रयोग जस्ता उपचारवाट पनि दुवै आँखाले हातको औला २० फिटको दुरिवाट छुटयाउन सक्दैन अर्थात स्नेलेन (Snellen ) चार्टको चौथो लाईनको अक्षर ६।१८ पढन सक्दैन भने यस्तो व्यक्तिलाई दृष्टिविहिन मानिनेछ ।

ग. पूर्ण दृष्टिविहिन: पूर्ण रुपमा अँध्यारो वा उज्यालो छुटयाउन नसक्ने व्यक्ति ।

३. सुनुवाई सम्वन्धि अपाङगता: सुनुवाईका अंगहरुको वनावट एंव स्वरको पहिचान स्थान उतारचढाव तथा स्वरको मात्रा र गुण छुटयाउने कार्यमा व्यक्तिमा भएको समस्या सुनुवाई सम्वन्धि अपाङगता हो । यो दुई प्रकारको हुन्छ ।

क. वहिरा ( Deaf ) नसुन्ने अस्पष्ट वोल्ने वा वोल्न नसक्ने र संचारकालागी सांकेतिक भाषा प्रयोग गर्नु पर्ने व्यक्ति वहिरा हो।८० डेसिवल भन्दा माथिको ध्वानि पनि सुन्न नसक्ने व्यक्तिलाई शुष्त श्रवण मानिनेछ ।

ख . सुस्त श्रवण ( Hard of Hearing ) कान कम मात्र सुन्ने तर कम सुनेर सफा सँग वोल्न सक्ने , सुन्नलाई कानमा श्रवणयन्त्र राख्नु पर्ने व्यक्ति सुस्त श्रवण व्यक्ति हो।६५ डेसिवल देखि ८० डेसिवल सम्मको ध्वानि सुन्न सक्ने व्यक्तिलाई सुस्त श्रवण मानिनेछ ।

४. श्रवण दृष्टिविहिन ( Deaf - Blind) – अपाङगता: श्रवण र दृष्टिविहिनता दुवै भएको व्यक्ति श्रवण दृष्टिविहिन अपाङगता मानिनेछ ।

५.स्वर वोलाई सम्वन्धि अपाङगता: स्वर वोलाई समवन्धि अङगहरुमा उत्पन्न अप्ठयारो का कारण तथा वोल्दा स्वरको उतारचढावमा कठिनाई वोलि स्पष्ट नहुनु वोल्दा शब्द वा अक्षर दोहोरिनुलाई स्वर र वोलाई सम्वन्धि अपाङगता मानिनेछ ।

६. मानसिक मनोसामाजिक अपाङगता: मस्तिष्क र मानसिक आएको समस्या तथा सचेतन , अभिमुखिकरण स्पुर्ति स्मरणशक्ति भाषा गणना जस्ता वौदिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याका कारण उमेर र परिस्थिति अनुसार व्यवहार गर्न नसक्नु तथा वौदिक सिकाईमा ढिला हुनुलाई मानसिक मनोसामाजिक अपाङगता मानिनेछ । यो तिन प्रकारको हुन्छ ।

७ . वौदिक अपाङगता / सुस्त मनस्थिति:

१८ वर्षको उमेर अगावै वौदिक विकास नभएको कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलापहरु गर्न कठिनाई हुने व्यक्तिलाई वौदिक अपाङग / सुस्त मनस्थिति मानिनेछ ।

८.मानसिक अवस्था:

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

मानसिक अवस्था वा कमिकमजोरि वा विकृतिका कारण दैनिक जिवनयापन गर्न कठिनाई हुने अशक्तलाई मानसिक अस्वस्थता मानिनेछ ।

९. अनुवंशिय रक्तश्राव (हेमोफिलिया) सम्बन्धि अपाङगताः अनुवंशिय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आइ रगत जम्ने कार्यमा सम्स्या उत्पन्न हुने अवस्थाको व्यक्ती ।

१० . अटिज्मः जन्मजात नसा वा तन्तुको विकास सोको कार्यमा आएको समस्या भएको तथा कुनै व्यक्तिको उमेरको विकास सँगै सामान्य व्यवहार नदेखाउने अस्वभाविक प्रतिक्रिया देखाउनु एउटै क्रिया लगातार दोहोर्याईरहनु अरु सँग घुलमिल नहनु वा तिव्र प्रतिक्रिया गर्नुलाई अटिज्म भनिन्छ ।

११. वहुअपाङगताः माथि उल्लेख गरिएकामध्ये एउटै व्यक्तिमा दई वा दुई भन्दा वढी प्रकारका अपाङगताको समस्यालाई वहुअपाङगता मानिनेछ ।

**(ख) अशक्तताको गम्भिर्यताको आधारमा अपाङगताको वर्गीकरणः**

**(१) पूर्ण अशक्त अपाङगताः** दैनिक क्रियाकलाप सञचालन गर्न निरन्तर अरुको सहयोग लिंदा पनि कठिनाई हुने अवस्थालाई पूर्ण अशक्त अपाङगता मानिनेछ ।

**(२) अति अशक्त अपाङगताः** वैयक्तिक क्रियाकलापहरु सम्पादन तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरुको सहयोग लिनु पर्ने स्थितिलाई अति अशक्त अपाङगता मानिनेछ ।

**(३) मध्यम अपाङगताः** भौतिक सुविधा , वातावरणिय अवरोधको अन्त्य , शिक्षा र तालिम भएमा अरुको सहयोग लिएर वा नलिईकन निरन्तर दिनचर्या र सामाजिक क्रियाकलापहरुमा सहभागि हुन सक्ने अवस्थालाई मध्यम अपाङगता मानिनेछ ।

**(४) सामान्य अपाङगताः** सामाजिक तथा वातावरणिय अवरोध नभएमा आफै नियमित दिनचर्या र समाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपाङगता मानिनेछ ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

अनुसूचि -२

## अपाङगता भएको व्यक्तिको परिचय पत्र पाउनको लागी दिने निवेदनको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू                                                    मितिः

मार्फत

..... न वडा कार्यालय

सोरु गाउँपालिका ।

विषयः अपाङगता भएका व्यक्तिको परिचय पत्र पाँउ ।

महोदय,

म अपाङगता भएको व्यक्तिको वर्गिकरणमा पर्ने भएको हुँदा सो को परिचय पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण साथै राखी परिचय पत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेश गरेको विवरण ठिक साँचो छ झुटा ठहरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१ नाम थरः

उमेरः       लिङ्ग

२ प्रदेशः

३ ठेगानाः

क स्थायि ठेगानाः                जिल्लाः

सोरु गाउँपालिका वडा न          टोलः

ख अस्थायि ठेगानः          जिल्ला

गाउँ । महा। नगर । पालिका वडा न     टोलः

ग सम्पर्क टेलिफोन वा मोवाइल नः

४ संरक्षक र अभिभावकको नाम थरः                    निवेदकको नाताः

५ संरक्षक र अभिभावकको टेलिफोन वा मोवाइल नः

६ परिभापा र वर्गिकरण अनुसार अपाङगताको प्रकारः

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

७ परिभाषा र वर्गिकरण अनुसार अशक्तत्ताको आधारमा अपाङ्गताको प्रकारः

८ शरिरको अंग, संरचना, प्राणलिमा आएको क्षतिको विवरणः

९ क्षति भए पछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितताको विवरण

१० अपाङ्गताको कारण (उपयुक्त स्थानमा चिनो लगाउनुहोस )

क रोगको दिर्ग असर        ख दुर्घटना        ग जन्मजात

घ सशस्त्र द्वन्द्व        ङ वंशानुगत कारण        च अन्य

११ सहायक सामाग्री प्रयोग गर्नु पर्ने आवश्यकता भएको वा नभएको ( उपयुक्त स्थानमा चिनो लगाउनुहोस )

क भएको        ख नभएको

१२ आवश्यकता भएको भए कस्तो प्रकारको साहयक सामाग्रीको प्रयोग गर्नु पर्ने हुन्छ

१३ सहायक सामाग्री प्रयोग गर्ने गरेको वा नगरेको ( उपयुक्त स्थानमा चिनो लगाउनुहोस )

क गर्ने गरेको        ख गर्ने नगरेको

१४ सहायक सामाग्री प्रयोग गर्ने गरेको भए सामाग्रीको नामः

१५ अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नु हुन्छ ( खुलाउने )

क ........................ ख ..................................ग........................... घ......................
ङ ..............................च....................................

१६ अन्य व्यक्तिको सहयोग लिनु हुन्छ भने कुन कुन कामको लागी लिनुहुन्छ ( खुलाउने )

क ..............................ख.................................. ग........................... घ......................
ङ .................................च....................................

१७ पछिल्लो शैक्षिक योग्यता

क. प्राथमिक तह        ख निम्न माध्यमिक तह        ग माध्यमिक तह
घ उच्च माध्यमिक तह        ङ स्नातक तह        च स्नातकोत्तर तह
छ विद्यावारिधि तह

१८ कुनै तालिम प्राप्त गर्नु भएको भए मुख्य तालिमहरुको नाम लेख्नुहोस।

.............................
धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CS CamScanner

..............................................................................................................................................
..............................................................................................................................................
..............................................................................................................................................
..............................................................................................................................................
........................

१९ हालको पेशाः

| | | | |
|---|---|---|---|
| क अध्ययन | ख कृर्षि व्यवसाय | ग स्वरोजगार | घ अध्यायपन |
| ङ सरकारी सेवा | च निजि क्षेत्रमा सेवा | छ केहि नगरेको | ज अन्य |

निवेदक

नाम थर

हस्ताक्षर

मितिः

..............................
धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

अनुसूचि - ३

## अपाङ्गता भएका व्यक्तिको परिचय पत्रको ढाँचा

सोरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जिमा, मुगु

कर्णाली प्रदेश, नेपाल

अपाङ्गता परिचय पत्र

परिचय पत्र नम्वरः

परिचय पत्रको प्रकार

(१) नाम थरः.........................................

(२) ठेगानाः स्थायिः ..................................

अस्थायिः ...............................................

(३) जन्म मितिः ना.प्र.नं ( भएमा मात्र )........................

(४) लिङ्गः ( पुरुष/ महिला /अन्य )

(५) विवाहित / अविवाहितः ............................

(६) शैक्षिक योग्यताः ..................................

(७) अपाङ्गताको किसिमः .........................................

(८) वावु । आमा वा संरक्षकको नाम थर ......................................................................

(९) अपाङ्गता भएको व्यक्तिसँगको नाताः....................................

(१०) परिचय पत्र वाहकको दस्तखत ...........................

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

(११) परिचय पत्र प्रमाणित गर्ने ...............................

नाम थरः ...........................

हस्ताक्षरः

पदः

मितिः

| दाँया | वाँया |
| --- | --- |
| | |

(यो परिचय पत्र कसैले पाएमा नजिकको प्रहरि कार्यालय वा सोरु गाउँपालिकामा वुझाइदिनु होला )

...............................
धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

Schedule-3

Format of Identity Card for Persons with Disability

Soru rural municipality

Office of the Village Executive

Jima, Mugu

Karnali Province, Nepal

Disability Identity Card

Identity Card Number:

Type of Identity Card

(1) Surname: ..............................................

(2) Address: Permanent: ..................................

Temporary: ..............................................

(3) Date of Birth: citizen.No (if only)..........................

(4) Gender: (Male/Female/Other)

(5) Married / Unmarried: ...........................

(6) Educational qualification: ..................................

(7) Type of disability: ...................................

(8) father Name / Mother name or Guardian ........................................................

(9) Relationship with disabled person: ...................................

(10) Signature of identity card bearer ............................

(11) Verification of identity card ...............................

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CS CamScanner

| Right | left |
| --- | --- |
| | |

Name Surname: ……………………..

Signature:

Position:

Date:

(If anyone finds this identity card, please submit it to the nearest police office or Soru Rural Municipality)

## अनुसूचि – ४

**अपाङ्गताको परिचय पत्र प्राप्त गर्न पेश गर्नु पर्ने कागजातहरु**

१ अनुसूचि २ वमोजिमको निवेदन,

२ वडा कार्यालयको सिफारिस

३ जन्मदर्ताको प्रमाण पत्र वा नागरिकताको प्रमाण पत्र वा जग्गा धनि प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा अपाङ्गताका आधारमा कुनै पेशा व्यवसायमा रहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जि प्र का मा दर्ता भएका अपाङ्गता सम्वन्धि कार्य गर्ने संघ संस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखतहरु,

४ अपाङ्गता प्रष्ट हुने चिकित्सकको प्रमाण पत्र ,

५ अटो साइजको फोटो १ वटा पासपोर्ट साइजको फोटो ३ वटा र सम्भव भए सम्म अपाङ्गता देखिने फोटो १ वटा ,

६ निज स्थायि रुपमा वसोवास गरेको अवस्थामा बसाइसराइ प्रमाण पत्र ।

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CS CamScanner

## अनुसुचि – ५

## अपाङ्गता भएका व्यक्तिको कार्यालयमा राखिने अभिलेखको ढाँचा

क्रम संख्याः

अपाङ्गताः परिचय पत्र नम्वरः

परिचय पत्रको प्रकार

१ नाम थरः

२ ठेगाना ( स्थायि ) प्रदेशः जिल्लाः स्थानिय तहः वडा नः

३ ठेगाना (अस्थायि) प्रदेशः जिल्लाः स्थानिय तहः वडा नः

४ जन्म मितिः ५ नागरिकता नम्वरः ६ लिङ्गः

७ विवाहित / अविवाहित

८ वुवा / आमा वा संरक्षकको नाम थरः

९ ठेगानाः प्रदेशः जिल्लाः स्थानिय तहः वडा नः

१० अपाङ्गता भएको व्यक्ति सँगको नाता

११ पछिल्लो शैक्षिक योग्यताः

१२ अध्ययनरत विद्यालय वा कलेजः

क अध्ययन नगरेको ख पढाइ सकेको

१३ पेशाः १४ अपाङ्गताको किसिमः

१५ कस्ता दैनिकी क्रियाकलाप गर्न सकिन्छः

१६ कस्ता दैनिकी क्रियाकलाप गर्न सकिदैन

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner

१७ साहयक सामाग्री आवश्यकः क पर्ने ख नपर्ने

आवश्यक पर्ने भए के के ?

१८ हाल साहयक सामाग्री आवश्यक क पाएको ख नपाएको

१९ परिचय पत्र वाहकले प्राप्त गरेका अन्य सेवा सुविधा

२० परिचय पत्र वाहकलाइ आवश्यक परेका अन्य सेवा सुविधाहरु

२१ सेवा सुविधा प्रदान गर्ने निकायः

२२ अन्यः

प्रमाणित गर्ने अधिकारीको

दस्तखतः

नाम थरः

पदः

दस्तखतः

मितिः

धर्म बहादुर शाही
गा.पा.अध्यक्ष

CamScanner